**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं.३२८**

**पुनरावेदन नं. ०७५-RB-०१९०**

**मुद्दाः- अन्तःशुल्क (२०७०/०७१) ।**

सुनसरी जिल्ला सोनापुर वडा नं.२ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि. पान नं. ३०००१६१४५ को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनीको संचालक अशोक कुमार मुरारका......................................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, ललितपुर......................................................१
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौं...................................१
} प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु निर्णय मितिः २०७३/०३/३१

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५/०५/२१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थी कार्यालयहरूको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**<u>अवलम्वित नजीरः-</u>** आन्तरिक राजस्व कार्यालय, धरान सुनसरी विरुद्ध पशुपति आइरन एण्ड स्टील्स प्रा.लि., मुद्दाः अन्तःशुल्क आ.ब २०६४/०६५, निर्णय मित २०७५/०३/११।

ठूला करदाता कार्यालय, ललितपुरबाट करदाता पशुपति आइरन एण्ड स्टील प्रा. लि. को आ. ब. २०७०/०७१ को अन्तःशुल्क निर्धारण गरी मिति २०७३।०३।३१ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२१ मा भएको निर्णय समेत उपर चित्त नबुझाई अन्तःशुल्क ऐन, २०५८ को दफा १९(६) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालय, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका फलामे डण्डी उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले स्थापित करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. को आर्थिक वर्ष २०७०/०७१ को अन्तः शुल्कको कर परिक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा यस आ.व.मा उद्योगले अस्वाभाविक तवरबाट घटी उत्पादन देखाई सोको निकासीमा लाग्ने अन्तःशुल्क असुल उपर नगरेको देखिएकोले जम्मा अन्तःशुल्क, जरिवाना तथा विलम्ब शुल्क समेतको रकम रु. १५,२४,०११।०० अन्तः शुल्क ऐन, २०५८ को दफा १०घ(१) बमोजिम कर निर्धारण गरी अन्तःशुल्क नियमावली, २०५९ को नियम ६क को उपनियम (१) बमोजिमको अन्तःशुल्क निर्धारण आदेश गरी मिति २०७३।०३।१५ मा करदाताको नाममा सूचना जारी भएको।

२. ठूला करदाता कार्यालयबाट भएको मिति २०७३/०३/१५ को आदेश करदाताले मिति २०७३/०३/२० मा बुझी लिई मिति २०७३/०३/३१ मा जवाफ पेश गरेको।

३. यस कम्पनीको आ.व. ०७०/०७१ को उद्योगतर्फ घटी उत्पादन देखाएको फलामे छडको परिमाणको अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ को उपदफा (१) को खण्ड (घ) र (ज) को अवस्था विद्यमान भएकोले यस वर्षको आर्थिक ऐनमा उल्लेखित अन्तःशुल्क दरवन्दी अनुसार प्रति मेट्रिक टन रु. १०००।०० का दरले घटी उत्पादन परिमाण ६४६.३१५ मे. टनको जम्मा हुने रु. ६,४६,३१५।०० अन्तःशुल्क निर्धारण गरी सोही ऐनको दफा १६(५)(झ) बमोजिम शत प्रतिशत जरिवाना रु. ६,४६,३१५।०० गरी उपरोक्त रकम म्याद भित्र दाखिला नगरेकोले दफा १०झ. बमोजिम प्रति दिन ०.०५ प्रतिशतका दरले विलम्ब शुल्क समेत गणना गरि असूल गर्नु पर्ने भएकोले सो परिमाणको छड २०७१ अषाढमा बिक्री गरेको मानी

अन्तःशुल्क अवधि २०७१ आषाढ कायम गरी अन्तःशुल्क नियमावली, २०५९ को नियम ६क(२) बमोजिम अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्ने ठहर्छ सो ठहर्नाले अन्तःशुल्क नियमावली, २०५९ को नियम ६क. को उपनियम (२) बमोजिमको अन्तिम अन्तःशुल्क निर्धारण गर्ने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०३/३१ मा खडा भएको निर्णय ।

४. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७३/०३/३१ मा जारी गरेको आ.व. २०७०/०७१ को अन्तःशुल्क तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता पशुपति आईरन एण्ड स्टिल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०६/०६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. करदाताले विभागको मिति २०६८/०९/१९ को परिपत्रलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन भएको र बिक्री भएको मानी सो मा अन्तःशुल्क ऐन, २०५८ को दफा १०(झ) मा म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम कुनै व्यक्तिले नबुझाएमा बुझाउन बाँकी रहेको अन्तःशुल्क रकममा प्रति दिन शुल्क दशमलव शुन्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ भन्ने व्यवस्था रहेकोले विलम्ब शुल्क लाग्ने र ऐ.ऐनको दफा १६(६)(झ) मा उत्पादन प्रतिलब्धि नपुगेमा थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम जरिवाना गर्ने व्यवस्था उल्लेख भएको हुँदा अन्तःशुल्क निर्धारण गर्ने गरी भएको कार्यालयको निर्णय कानून सम्मत रहेकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२१ मा भएको निर्णय ।

६. Ms Billet जर्तिका सम्बन्धमा ६ प्रतिशत अदृश्य र ३ प्रतिशत दृष्य जर्ति गरी ९ प्रतिशतको Recovery सीमा भित्र रही वास्तविक जर्तिलाई जर्ति कायम गर्न पर्ने हुन्छ भनी उल्लेख भई विपक्षी कार्यालयको जर्ति सम्बन्धी निर्णयाधारलाई राजस्व न्यायाधिकरण विराटनगरले खारेज गरी दिएको अवस्थामा सो को रीतपुर्वक जानकारी प्राप्त गरी सके पश्चात पनि राजश्व न्यायाधिकरणबाट भएको फैसलाको प्रतिकूल हुने गरी जारी आदेशहरु गैर कानुनी रहेको छ। वास्तविक जर्तिलाई समेत आयमा समावेश गर्ने गरी भएको कार्यालयको निर्णयमा म्याद भित्र बुझाउनुपर्ने अन्तःशुल्क नबुझाएमा बाकी रहेको अन्तःशुल्कमा प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतले बिलम्ब शुल्क लाग्ने भनी गरेको निर्णय कानून सम्मत नरहेको हुँदा सोलाई नै कानून सम्मत रहेको भनी विपक्षी कार्यालयबाट भएको निर्णय बदरयोग्य छ। विपक्षी कार्यालयको पर्चा त्रृटिपूर्ण रहेको छ। उक्त अन्तःशुल्क रकम नै तिर्न नपर्ने प्रकृतिको भएको सम्बन्धमा बुंदा नं.१ मा सबिस्तार उल्लेख गरी सकेको हुँदा त्रृटीपूर्ण रहेको हुँदा उक्त व्याज जरिवाना नतिर्ने भनि लिएको शुरु जिकिर अनुसार गरी पाउँ भन्ने समेत व्यहोराको

करदाताको तर्फबाट मिति २०७५।०९।२३ मा यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०३/०१ मा भएको आदेश।

८. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ देखि २०७२/०७३ सम्मका विभिन्न आर्थिक बर्षहरुका आयकर, मू.अ.कर र अन्तशुल्क समेतका सम्बन्धमा यसै न्यायाधिकरणमा पुनरावेदन परेको देखिएको तर आ.व. २०६८/०६९ र २०६९/०७० का कर निर्धारण सम्बन्धमा पुनरावेदन परे नपरेको यकिन गरी पुनरावेदन परेको भए साथै राख्नु। साथै, यस न्यायाधिकरणमा कारवाहीको अवस्थामा रहेका यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ र आ.व.०६७/०६८ का आयकर, मू.अ.करका मुद्दाहरुको ठूला करदाता कार्यालय, ललितपुरमा प्रमुख कर अधिकृतको रुपमा यस न्यायाधिकरणमा राजस्व सदस्य भई कार्यरत श्री राजेन्द्र पौडेल समेतको संलग्नतामा परिक्षण भएको हुँदा उहा रहितको ईजलासमा पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०१ मा भएको आदेश ।

९. पुनरावेदक करदाताको आ.व. २०६४।०६५ को पुनः संशोधित कर निर्धारण गर्ने मिति २०७०।२।२७ मा खडा गरेको निर्णय पर्चाको प्रकरण २ बाट निज करदाताको मिति २०६७।५।२ मा संशोधित कर निर्धारण भएकोमा आन्तरिक राजस्व कार्यालय धरानले मिति २०६८।३।६ मा अन्तशुल्क निर्धारण गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि प्रतिवेदन प्राप्त भएकोले पुनः संशोधित कर निर्धारण गर्नु परेको भन्ने समेत बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न राजस्व न्यायाधिकरण विराटनगरबाट पुनरावेदन नं.९६।०६८ । ००१६०, ००१६१ र ००१६२ मा मिति २०६९।१०।१९ मा भएको फैसलाको छाँयाप्रतिबाट उल्लेखित आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।३।६ को र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।१४ का निर्णयहरु समेत उल्टी हुने ठहरेको भन्ने देखिंदा यि करदाताका हकमा आ.व.२०६४।०६५, ०६५।०६६ र ०६६।०६७ मा आन्तरिक राजस्व कार्यालय धरानबाट भएका अन्तशुल्क निर्धारणका निर्णयहरु तथा सो उपर परेका प्रशासकीय पुनरावलोकनका निवेदनमा भएका निर्णय सहितको सक्कलै मिसिल सम्बन्धित कार्यालय/विभागवाट र यिनै मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट माथि उल्लेखित मुद्दामा मिति २०६९।१०।१९ मा भएका फैसलाहरु सहितका छिनुवा मिसिल राजस्व न्यायाधिकरण विराटनगरबाट मगाई साथै राख्नु पेश गर्नु ।आन्तरिक

राजस्व विभागको मिति २०७४।४।२९ को निर्णयमा उल्लेखित उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol.I BS. 2063 को प्रमाणित प्रतिलिपी विशेष सरकारी वकील कार्यालय मार्फत सम्बन्धित निकायबाट मगाई साथै राख्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०८ मा भएको आदेश।

१०. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

११. यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले मिति २०८०।१।३ का दिन लिखित बहसनोट पेश गर्नु भएको।

## ठहर खण्ड

१२. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले ठूला करदाता कार्यालयले अन्तःशुल्क निर्धारण गर्ने गरी कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले ठूला करदाता कार्यालय, ललितपुरबाट भएको अन्तःशुल्क कर निर्धारण, जरीवाना र विलम्व शुल्क निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१३. प्रस्तुत मुद्दामा पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै पक्षबाट प्रस्तुत लिखित बहसनोट एवं बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा यसमा ठूला करदाता कार्यालयबाट करदाताको आ.ब. २०७०/०७१ को अन्तःशुल्क निर्धारण गर्ने गरी मिति २०७३/०३/३१ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०५/२१ को

निर्णय समेत मिले नमिलेको के रहेछ ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१४. निर्णय तर्फ विचार गर्दा, करदाता पशुपति आईरन एण्ड स्टिल प्रा.लि. ले आ.व. २०७०/०७१ मा उद्योग विभागले प्रकाशित नर्म्स अनुसार जम्मा उत्पादन १९,७९९.००५ मेट्रिक टन हुनुपर्नेमा जम्मा उत्पादन १९,१५२.६९० मेट्रिक टन मात्र भएको देखिएकोले सो अनुसार जम्मा ६४६.३१५ मेट्रिक टन घटी उत्पादन भएको छडको यस आ.व. को आर्थिक ऐनमा उल्लेखित अन्तःशुल्क दरबन्दी अनुसार प्रति मेट्रिक टन रु.१००० का दरले हुने मूल्य रु.६,४६,३१५ को अन्तःशुल्क निर्धारण गरी शत प्रतिशत जरिवाना र विलम्व शुल्क समेत निर्धारण गर्ने भनी ठूला करदाता कार्यालयबाट मिति २०७३।०३।३१ मा निर्णय भएको र उक्त निर्णय उपर करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको निवेदन दिएकोमा मिति २०७५।०५।२१ मा शुरु निर्णय नै सदर भएको देखियो।

१५. करदाताले पेश गरेको पुनरावेदन पत्रमा मुलत: यसै कम्पनीको अन्य आ.व. मा समेत उद्योग विभागको नर्म्स भन्दा घटी उत्पादन देखिएको भनी आन्तरिक राजस्व कार्यालय धरानबाट निर्धारण भएको अन्तःशुल्कलाई राजस्व न्यायाधिकरण विराटनगरबाट उल्टी गरी Ms Billet जर्तिको सम्बन्धमा ६ प्रतिशत अदृश्य र ३ प्रतिशत दृश्य जर्ति गरी ९ प्रतिशतको Recovery सीमा भित्र रही वास्तविक जर्तिलाई जर्ति कायम गर्नुपर्ने हुन्छ भनी फैसला भईसकेको र Material Consumption Norms Vo.l I BS. 2063 भन्सार प्रयोजनको लागि जारी भएकोले कर प्रयोजनको लागि आधार लिन नमिल्ने हुँदा ठूला करदाता कार्यालयको अन्तःशुल्क निर्धारण आदेश बदर भागी रहेको भन्ने जिकिर लिएको देखिन्छ। यस न्यायाधिकरणको मिति २०७८।०१।०८ को आदेश बमोजिम राजस्व न्यायाधिकरण विराटनगरबाट प्राप्त सक्कल प्रमाण मिसिल हेर्दा यिनै करदाताको आ.व. २०६४/०६५, २०६५/०६६ र २०६६/०६७ को आन्तरिक राजस्व कार्यालय धरानबाट मिति २०६८।०६।०३ मा करदाताले उद्योग विभागबाट २०६३ सालमा निर्धारित कच्चा पदार्थ खपत उत्पादन अनुपात अर्थात मेटेरियल कन्जम्सन नर्म्स २०६३ बमोजिम हुनुपर्ने भन्दा घटी उत्पादन देखिएको भनी घटी भएको परिमाणमा अन्तःशुल्क निर्धारण गरेको र उक्त निर्णय आन्तरिक राजस्व विभागको मिति २०६८।०९।१४ को निर्णयबाट सदर भएको देखिन आउछ। आन्तरिक राजस्व विभागबाट भएको उक्त मिति २०६८।०९।१४ को निर्णय उपर करदाताले राजस्व न्यायाधिकरण विराटनगरमा पुनरावेदन गरेकोमा शुरु आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।०३।०६ को निर्णय र आन्तरिक राजस्व विभागको मिति २०६८।०९।१४ को निर्णय उल्टी हुने ठहरी मिति २०६९/१०/१९ मा फैसला भएको देखिन आयो।

१६. राजस्व न्यायाधिकरण विराटनगरको मिति २०६९।१०।१९ को फैसला उपर आन्तरिक राजस्व कार्यालय धरान सुनसरीले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदन गर्ने अनुमति पाउँ भनी श्री सर्वोच्च अदालतमा दिएको निवेदनमा सर्वोच्च अदालतबाट अनुमति प्राप्त भई मिति २०७५।०३।११ मा फैसला हुँदा साधिकार निकायबाट प्रकाशित मापदण्ड अनुसार निर्धारित कर सम्बन्धित उद्योगले बुझाउनुपर्ने नै देखिन्छ भन्ने ब्याख्या भई राजस्व न्यायाधिकरण विराटनगरको मिति २०६९।१०।१९ को फैसला उल्टी भई आन्तरिक राजस्व विभागको मिति २०६८।०९।१४ को निर्णय सदर भएको देखिन आउछ।[1] यसरी यिनै करदाताले आ.व २०६४/०६५ समेतमा Material Consumption Norms ले निर्धारण गरेको प्रतिलब्धी भन्दा घटी उत्पादन देखिएको आधारमा निर्धारण गरिएको अन्तःशुल्क आदेश श्री सर्वोच्च अदालतबाट समेत सदर भएको परिप्रेक्ष्यमा सोही आधारमा प्रस्तुत आ.व. २०७०/०७१ को हकमा ठूला करदाता कार्यालयबाट मिति २०७३।०३।३१ मा निर्धारण गरिएको अन्तःशुल्क आदेश समेत न्यायोचित देखिन आएकोले पुनरावेदक करदाताको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१७. जहासम्म ठूला करदाता कार्यालयले निर्धारित अन्तःशुल्क रकमको शत प्रतिशत जरिवाना र विलम्व दस्तुर लगाएको त्रुटीपूर्ण रहेको भन्ने करदाताको अर्को पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा अन्तःशुल्क ऐन, २०५८ को दफा १६ मा "अन्तशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा त्यस अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम जरिवाना अन्तःशुल्क अधिकृतले गर्न सक्ने र दफा १०झ. मा दफा ४ को उपदफा (१) खण्ड (क) को अवस्था बाहेक अन्तःशुल्क रकम कुनै व्यक्तिले नबुझाएमा बुझाउन बाँकी रहेको अन्तःशुल्क रकममा प्रतिदिन शुन्य दशमलव शुन्य पांच प्रतिशतका दरले विलम्व शुल्क लाग्नेछ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। माथी प्रकरण न. १५ र १६ मा गरिएको विवेचनाबाट करदाताले आ.व. २०७०/०७१ मा उद्योग विभागबाट प्रकाशित Material Consumption Norms ले निर्धारण गरेको प्रतिलब्धी भन्दा घटी उत्पादन देखिएको कारण रु.६,४६,३१५।- ठूला करदाता कार्यालयबाट अन्तःशुल्क माग भएको देखिंदा अन्तःशुल्क अवधि २०७१ आषाढ कायम गरी करदातालाई दफा १०झ. बमोजिम विलम्व शुल्क र दफा १६ बमोजिम अन्तःशुल्क रकमको शत प्रतिशत जरिवाना समेत गणना गरेको निर्णय कानुनसम्मत रहेको पाईयो।

१८. तसर्थ,माथी विवेचित आधार एवं कारण समेतबाट करदाता पशुपति आइरन एण्ड स्टील प्रा. लि. (स्थायी लेखा नं.३०००१६१४५) को ठूला करदाता कार्यालयबाट आ.व. २०७०।०७१ को अन्तःशुल्क निर्धारण गरी मिति २०७३।०३।३१ मा भएको

[1] आन्तरिक राजस्व कार्यालय सुनसरी विरुद्ध पशुपति आईरन एण्ड स्टिल प्रा.लि. मुद्दा अन्तशुल्क ०६४/०६५, फैसला मिति २०७५।०३।११

निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२१ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.........................।
प्रमाणिकरण गर्ने सदस्यः-
फैसला प्रमाणित मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप